# गाउँसभाको मिति २०८३ असार ५ गते शुक्रबार बैठकमा

# उपाध्यक्ष श्री मञ्जु बुढाथोकीले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/८४ को

# राजस्व र व्ययको अनुमान

## बजेट बक्तव्य

सूर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
२०८३ असार ५

**सूर्यगढी गाउँपालिका गाउँसभाको आदरणीय सभाध्यक्षज्यू,**

**गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,**

**पत्रकार मित्रहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु,**

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयनको मूल दस्ताबेज बजेट सूर्यगढी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभा समक्ष प्रस्तुत गरिरहँदा म आफुलाई अत्यन्तै भाग्यमानि महसुस गरेको छु। यस महत्वपुर्ण अवसरमा विभिन्न कालखण्डमा नेपालको राजनीतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिई शाहदत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली एवम् श्रद्धासुमन अर्पण गर्दछु। साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि एवम् संघीय शासन प्रणाली स्थापित गर्नका लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली जनता र नेतृत्वमा रहनु भएका राजनीतिक शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

संघीय गणतन्त्र नेपालको स्थापना भए पश्चात जनताको जनादेश प्राप्त संविधानसभा मार्फत सिर्जित संविधानको कार्यान्वयन गर्ने शिलशिलामा स्थानीय तहको निर्वाचन, २०७९ सम्पन्न भई तपाई हामी सूर्यगढी गाउँपालिकाबासीको स्थानीय सरकारको प्रतिनिधिको रुपमा सेवा गर्ने सुअवसर प्राप्त गरेका छौं। विकास भनेको जनताका अपेक्षाहरुलाई सम्बोधन गर्ने क्रममा सरकारले सकारात्मक परिवर्तनका लागि गर्ने प्रयत्नहरुको निरन्तर प्रक्रिया रहनेछ। त्यसैले गत विगतका गाउँसभामा प्रस्तुत भएका जनताका चाहानाहरु अहिले पनि निरन्तर रहिरहेको अवस्थालाई मध्यनजर गर्न जरुरी छ।

**सभाध्यक्ष्ज्यू,**

अब म सभाअध्यक्षज्यूको अनुमतिमा यस गाउँपालिकाको बजेट विस्तृत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८२/८३ मा यस गाउँपालिकामा संघीय सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ७,३९,००,०००।- (सात करोड उन्नानचालिस लाख), संघीय सशर्त अनुदान (चालु) तर्फ रु. १६,८५,००,०००।- (सोह्र करोड पचासि लाख ), संघीय सशर्त अनुदान (पुँजिगत) तर्फ रु. ७६,००,०००।- (छहत्तर लाख), संघीय विशेष अनुदान तर्फ रु. ६९,००,०००।- (उनान्साठी लाख ), संघीय समपुरक अनुदान तर्फ रु. ३,३५,००,०००।- (तिन करोड पैंतिस लाख), संघीय राजश्व बाँडफाँटबाट प्राप्त रु. ६,५४,५८,६५६।-(छ करोड चौवन्न लाख अन्नठाउन्न हजार छ सय छपन्न ) प्राप्त हुने अनुमान गरिएको थियो।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु.६९,९५,०००।- (उन्नानसत्तरी लाख पन्चानब्बे हजार), प्रदेश सरकारबाट सशर्त अनुदान (चालु) तर्फ रु. १,७८,७३,०००।- (एक करोड अठहत्तरल लाख त्रिहत्तर हजार), प्रदेश सरकारबाट सशर्त अनुदान (पुँजिगत) तर्फ रु. १,३०,००,०००।- (एक करोड तिस लाख) प्रदेश सरकारबाट विशेष अनुदान रु ५०,००,०००।—(पचास लाख) प्रदेश सरकारबाट समपुरक अनुदान रु २,२८,००,०००।—( दुई करोड अट्ठाईस लाख) प्रदेश सरकारबाट राजश्व बाँडफाँड तर्फ २,४०,३२,४११.१४।- (दुई करोड चालिस लाख बत्तिस हजार चार सय एघार रुपैया चौध पैसा मात्र ), प्राप्त हुने अनुमान गरिएको थियो।

आन्तरिक आयतर्फ रु. ४१,००,०००।- (एकचालीस लाख) राजश्व संकलन हुने अनुमान गरिएको थियो । आ.व. २०८२/८३ को अनुमानित कुल बजेट ४५,२८,२५,४९४.७४।- ( पैतालिस करोड अट्ठाईस लाख पच्चिस हजार चार सय चौरानब्बे रुपैयाँ र चौरहत्तर पैसा) प्राप्त हुने अनुमान गरिएको थियो।

जस अनुसार अनुमानित बजेट पूर्ण रुपमा प्राप्त हुन सक्ने अवस्था बिगतका बर्षहरुमा जस्तै यस आ.व. मा पनि देखिदैन।

**सभाध्यक्षज्यू,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को आय व्ययको विवरण प्रस्तुत गर्दछु।

नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिमको स्थानीय तहको एकल तथा साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरुमा गाउँपालिकाले झेल्न परेका समस्याहरु जस्तै समाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०८३/८४ को बजेट गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु।

**<u>आय तर्फ</u>**

आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकामा संघीय सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ७,५३,००,०००।- (सात करोड त्रिपन्न लाख), संघीय सरकारबाट सशर्त अनुदान(चालु र पुजीगत) तर्फ रु. १८,३३,००,०००।- (अठार करोड तेत्तिस लाख) संघीय सरकारबाट विशेष अनुदान तर्फ रु. २,०५,००,०००।- (दुई करोड पाच लाख), संघीय सरकारबाट समपुरक अनुदान तर्फ रु. ६०,००,०००।- (साठी लाख), संघीय सरकारबाट राजश्व बाँडफाँडबाट प्राप्त रु. ६,७९,५७,०००।- (छ

करोड उनानअसि लाख सन्ताउन्न हजार मात्र) गरी संघीय सरकारबाट जम्मा रु. ३५,३०,५७,०००।- (पैतिस करोड तिस लाख सन्ताउन्न हजार ) प्राप्त हुने अनुमान गरिएको छ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु ६४,१२,०००।- (चौसठ्ठी लाख बाह्र हजार), प्रदेश सरकारबाट सशर्त अनुदान (चालु) तर्फ रु. ६०,०१,०००।- (साठी लाख एक हजार मात्र), प्रदेश सरकारबाट सशर्त अनुदान (पुँजिगत) तर्फ रु. ४०,००,०००।- (चालिस लाख) प्रदेश सरकारबाट राजश्व बाँडफाँड तर्फ २,४१,००,०००।- (दुई करोड एकचालिस लाख ) प्रदेश सरकारबाट समपुरक अनुदान तर्फ रु. २,४०,००,०००।- (दुई करोड चालिस लाख), प्रदेश सरकारबाट विषेश अनुदान रु ७०,००,०००।- (सत्तरी लाख मात्र) गरी जम्मा रु.७,१५,१३,०००।- (सात करोड पन्ध्र लाख तेह्र हजार) प्राप्त हुने अनुमान गरिएको छ।

आन्तरिक राजस्व रु. ४१,५०,०००।- (एकचालीस लाख पचास हजार मात्र ) राजश्व संकलन हुने अनुमान गरिएको छ र बैंक मौज्जात रु.२०,००,०००।- (बिस लाख मात्र ) रहने अनुमान गरिएको छ। आ.व.२०८३/८४ को अनुमानित कुल बजेट ४३,०७,२०,००० ।- (त्रिचालिस करोड सात लाख बिस हजार रुपैया) प्रस्ताव गरेको छु।

<u>व्याय तर्फ</u>

१. सशर्त कार्यक्रम का लागि कुल रकम रु. १९,३३,०१,०००।- (उन्नाईस करोड तेत्तिस लाख एक हजार मात्र) विनियोजन गरेको छु।

२. समपुरक कार्यक्रमका लागि कुल रकम रु.३००,००,०००।- (तिन करोड मात्र ) विनियोजन गरेको छु।

३. विषेश अनुदान कार्यक्रम लागि कुल रकम रु.२,७५,००,०००।- (दुई करोड पचहत्तर लाख) विनियोजन गरेको छु।

४. प्रशासनिक कार्यालय सञ्चालनका लागि चालु तर्फ कुल रकम रु. ३०,३१,४१,०००।- (तिस करोड त्रिपन्न लाख एकतिस लाख एकचालिस हजार ) विनियोजन गरेको छु।

५.पूर्वाधार विकास कार्यका लागि पूजीगत तर्फ कुल रकम रु. १२,७५,७९,०००।- (बाह्र करोड पचहत्तर लाख उनानहसि हजार)

**गाउँसभा अध्यक्षज्यू एवम् गाउँ सभा सदस्यज्यूहरु,**

अब म आ.व. २०८३/८४ को विषयगत विवरण पेश गर्दछु ।

**<u>आर्थिक विकासः</u>**

(कृषि तथा पशुपंक्षी, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र) तर्फ रकम रु. ४७,००,०००।- (सच्चालिस लाख ) विनियोजन गरेको छु।

बिगत बर्ष देखिनै शुरु भएको दुध संकलन गर्दा किसानहरुलाई दिइने प्रति लिटर रु. ५ को अनुदान कार्यक्रमको लागि आगामि आर्थिक बर्षको लागि रु. २५,००,०००।- (पच्चिस लाख) विनियोजन गरेको छु।

पशु औषधी खरिद को लागि रु. ५,००,०००।- (पाँच लाख) र कृषी विषादी खरिदको लागि रु. ७,००,०००।-(सात लाख) विनियोजन गरेको छु।

कृषि तथा शिविर सञ्चालनको लागि रु. ३,५०,०००।-(तिन लाख पचास हजार) विनियोजन गरेको छु।

कृषि विकास र पशु सेवाको सेवा प्रवाहलाई अझ सुरक्षित र व्यवस्थित बनाउन रु.१५,००,०००।- (पन्ध्र लाख) विनियोजन गरेको छु।

**<u>सामाजिक विकासः</u>**

(शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन) तर्फ रु. १,२८,४०,०००।- (एक करोड अठ्ठाईस लाख चौरासि हजार ) विनियोजन गरेको छु।

बिद्यालयहरुमा निजि स्रोत शिक्षक व्यवस्थापनको लागि रु. ५५,००,०००।-(पचपन्न लाख) विनियोजन गरेको छु ।

खेलकुद कार्यक्रमका लागि रु. ५,००,०००।-(पाच लाख) विनियोजन गरेको छु ।

SEE उत्कृष्ट विद्यार्थि र विद्यालयहरुलाई थप प्रोत्सान गर्नको लागि रु. २,००,०००।- (दुई लाख ) विनियोजन गरेको छु ।

सूर्यगढी सामुदायीक क्याम्पसमा व्यवस्थापनका लागि अनुदान रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

सूर्यगढी गाउँपालिका भित्रका नागरिकहरुलाई निःशुल्क ब्लड प्राप्त गर्नका लागि नेपाल रेडक्रस सोसाइटी, नुवाकोट लाई अनुदान रकम रु. १,००,०००।- (एक लाख) विनियोजन गरेको छु।

सूर्यगढी गाउँपालिका भित्र स्वास्थ्य चौकीहरु संचालन तथा व्यवस्थापन गर्नको लागि प्रति स्वास्थ्य चौकी रु. २०,०००।- (बिस हजार) को दरले जम्मा रू. १,००,०००।- (एक लाख) विनियोजन गरेको छु।

सूर्यगढी गाउँपालिका भित्र स्वास्थ्य चौकीमा नियमित नेपाल सरकारको मापदण्ड अनुसार गर्भजाँच गराएबात अण्डा वितरण कार्यक्रको लागि रु. ६,००,०००।- (छ लाख) विनियोजन गरेको छु।

ग्रामिण आँखा केन्द्र संचालनका लागि रु. ८,५०,००,०००।- (आठ लाख पचास हजार ) विनियोजन गरेको छु।

बालकोषका लागि रु. ५,००,०००।- (पाँच लाख ) विनियोजन गरेको छु।

नगर अस्पताल संचालनको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

उद्दार, राहत तथा पुनर्स्थापना खर्च/आर्थिक सहायताका लागि रु. १५,००,०००।-(पन्ध्र लाख) विनियोजन गरेको छु।

गाउँ-गाउँमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यका लागि रु. २,००,०००।- (दुई लाख) विनियोजन गरेको छु।

दलित उत्थान कार्यक्रमको लागि रु. ३,००,०००।- (तिन लाख) विनियोजन गरेको छु ।

महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि संघीय सरकारबाट प्राप्त हुने यातायत खर्च मा गाउँपालिकाबाट थप रु. ७,००,०००।- (सात लाख ) विनियोजन गरेको छु ।

सूर्यगढी गाउँपालिका भित्रका बिरामीहरुलाई अक्सीजन व्यवस्थापनका लागि रु. २,००,०००।- (दुई लाख ) विनियोजन गरेको छु ।

**<u>पुर्वाधार विकास :</u>**

(सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, सञ्चार) कार्यका लागि पूँजीगत तर्फ कुल रकम रु. १२,७५,७९,०००।- (बाह्र करोड पचहत्तर लाख उनानहसि हजार) विनियोजन गरेको छु।

**<u>साझेदारी कार्यक्रम अन्तरगत:</u>**

सघींय र प्रदेस समपुरक अन्तर्गतका योजनाहरुको साझेदारी लागतको लागि रु. २००,००,०००।- (दुई करोड) विनियोजन गरेको छु।

फेदिबेसि, दार्मे, बितलब, चोकदे, कुवापानी हुँदै रसुवा जोड्ने सडक रु. १,००,००,०००।- (एक करोड) विनियोजन गरेको छु।

वार्ड नं. १ देखि ३ एक घर एक धारा र एक घर एक धारा वडा १ देखि ५ सम्म खानेपानी योजनाको लागि रु. २,०५,००,०००।- (दुई करोड पाँच लाख) विनियोजन गरेको छु।

<u>सुशासन तथा अन्तसम्भ्धित क्षेत्र :</u>

(वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, ल्यान्डफिल साइट, जल उत्पन्न प्रकोप नियन्त्रण) तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

विपद व्यवस्थापनका लागि रु. ४५,००,०००।- (पैतालिस लाख) विनियोजन गरेको छु।

स्थानीय न्यायीक समिति व्यवस्थापनका लागि रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी विभिन्न कार्यक्रमको लागी रु.७,००,०००।- (सात लाख) विनियोजन गरेको छु।

भू-वर्गीकरण र सडक गुरुयोजना सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

<u>कार्यालय संचालन तथा प्रशासनिकः</u>

(सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, सि.सि. क्यामरा जडान, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास) तर्फ रकम आवश्यक रकम विनियोजन गरेको छु।

अन्त्यमा आजकै बैठकमा प्रस्तुत सूर्यगढी गाउँपालिकाको आ.व. २०८३/८४ को विनियोजन विधेयक र आर्थिक विधेयक अनुमोदनार्थ यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दै यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजश्व र बजेट सम्बन्धी कानुन बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिवी तथा राजनैतिक दलका मित्रहरु एवम् प्रत्यक्ष अप्रत्यक्ष रुपमा भुमिका खेल्नुभएका सूर्यगढी गाउँपालिकाका सम्पुर्ण जनसमुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेटको सफल कार्यान्वयनमा सरोकारवाला सम्पुर्ण पक्ष र क्षेत्रबाट सकरात्मक एवम् रचनात्मक सहयोग प्राप्त हुने छ भन्ने विश्वास सहित मैले पेश गरेको सूर्यगढी गाउँपालिकाको आ.व. २०८३/८४ को बार्षिक बजेट कार्यक्रम आजको गाउँसभा सभा अध्यक्ष मार्फ गाउँसभामा पेश गर्दछु।

**धन्यवाद !!!**